# इन्द्रेश्वर क्याम्पस, २०५८

## (नियमावली २०५८, संशोधन २०६०)

## संशोधित विधान २०७७

# इन्द्रेश्वर क्याम्पसको विधान, २०७७

**प्रस्तावना:**
जनसहभागिताबाट चन्दा सहयोग जुटाई त्रिभुवन विश्वविद्यालयबाट सम्वत् २०५८ भाद्र १० गते सम्बन्धन प्राप्त गरि मुनाफारहित सामुदायिक क्याम्पसको रुपमा जनसहभागिताबाट सञ्चालन भइरहेको यस इन्द्रेश्वर क्याम्पसको व्यवस्थापनमा सार्वजनिक रुपमा अपनत्व बृद्धि गरि समयानुकुल यस क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयबाट स्वीकृत मानकको आधारमा व्यवस्थित रुपमा सञ्चालन गर्न इन्द्रेश्वर क्याम्पसको विधान २०७७ स्वीकृत गरी लागू गरीएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधानको नाम "इन्द्रेश्वर क्याम्पसको विधान २०७७"रहेको छ।

(२) यो विधान क्याम्पस सभाले पारित गरी सञ्चालक समितिको सिफारिसमा त्रिभुवन विश्वविद्यालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

**२. परिभाषा र व्याख्या:**

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

क) "विधान" भन्नाले इन्द्रेश्वर क्याम्पसको विधान, २०७७ लाई सम्झनुपर्नेछ।

ख) "नियम" भन्नाले यस विधान अन्तर्गत निमार्ण गरिने नियमहरुलाई सम्झनुपर्नेछ।

ग) "विनियम" भन्नाले यस विधान अन्तर्गत निर्माण गरिने विनियमहरुलाई सम्झनु पर्नेछ।

घ) "क्याम्पस"भन्नाले इन्द्रेश्वर क्याम्पसलाई सम्झनु पर्नेछ।

ङ) "सभा" भन्नाले विधान बमोजिम गठित क्याम्पस सभालाई सम्झनु पर्नेछ।

च) "सञ्चालक समिति" भन्नाले विधान बमोजिम गठित क्याम्पसको सञ्चालक समितिलाई सम्झनु पर्नेछ।

छ) "विश्वविद्यालय" भन्नाले यस क्याम्पसलाई सम्बन्धन दिने त्रिभुवन विश्वविद्यालयलाई सम्झनु पर्नेछ।

ज) "सदस्य" भन्नाले यस विधान बमोजिम सञ्चालक समितिले प्रदान गरेको संरक्षक, आजीवन र मानार्थ सदस्यलाई सम्झनुपर्नेछ।

झ) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पसको प्रमुखलाई सम्झनुपर्नेछ। यस शब्दले कायम मुकायम क्याम्पस प्रमुखसमेत लाई जनाउनेछ।

ञ) "सहायक क्याम्पस प्रमुख" भन्नाले क्याम्पसको सहायक क्याम्पस प्रमुख लाई सम्झनुपर्नेछ। यस शब्दले कायम मुकायम सहायक क्याम्पस प्रमुख समेतलाई जनाउनेछ।

ट) "प्राध्यापक" भन्नाले क्याम्पसमा अध्यापन गर्ने स्थायी, अस्थायी, करार र आंशिक रुपमा रहेका प्राध्यापक, सह प्राध्यापक, उप प्राध्यापक, सहायक प्राध्यापक, शिक्षण सहायक र प्रशिक्षक समेतलाई सम्झनुपर्नेछ।

ठ) "कर्मचारी" भन्नाले क्याम्पसको शिक्षण बाहेकको कार्यका लागि नियुक्त स्थायी, अस्थायी, करार र आंशिक, ज्यालादारी कर्मचारी समेतलाई सम्झनुपर्नेछ।

ड) "विद्यार्थी" भन्नाले क्याम्पसमा नियमित अध्ययनरत छात्र छात्राहरु लाई सम्झनुपर्नेछ।

ढ) "क्याम्पस सेवा आयोग" भन्नाले क्याम्पसको रिक्त दरबन्दीमा पदपूर्तिका लागि सञ्चालक समितिले गठन गरेको क्याम्पस सेवा आयोगलाई सम्झनुपर्नेछ।

ण) "क्याम्पस सञ्चालक समिति"भन्नाले क्याम्पसको सञ्चालक समिति वा क्याम्पस सञ्चालन तदर्थ समितिसमेतलाई बुझाउनेछ।

२) प्रचलित नेपाल कानूनमा प्रयुक्त भएको शब्द यस विधानमा पनि प्रयुक्त भएकोमा प्रसंगवस अर्को अर्थ नलागेमा त्यस शब्दको व्याख्या नेपाल कानून अनुरुप गरिनेछ।

३) यस विधानको व्याख्या गर्ने अधिकार क्याम्पस सभालाई हुनेछ।

**३. क्याम्पसको नाम र अवस्थिती:**

१) यस क्याम्पसको नाम इन्द्रेश्वर क्याम्पस रहेको छ। यसलाई अंग्रेजीमा Indreshwor Campus लेखिनेछ।

२) यस क्याम्पस पनौती नगरपालिका वडा नं.-७ शिरानचौरमा अवस्थित रहने छ।

४. व्यक्ति सरह हुने:

१) यस क्याम्पस अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित सामुदायिक संस्था हुनेछ।

२) क्याम्पसले व्यक्ति सरह प्रचलित नेपाल कानुन बमोजिम चल र अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, खरिद र बिक्रि गर्न तथा क्याम्पसलाई आवश्यक परेमा ऋण लिन सक्नेछ।

३) क्याम्पसले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

४) क्याम्पसको सबै कामकाज प्रमाणित गर्नका लागि अनुसुची १मा उल्लेख गरिए अनुसार आफ्नो छुट्टै क्याम्पसको प्रतीक चिन्ह अंकित छाप हुनेछ।

५. उद्देश्य:

देशको सर्वाङ्गीण उन्नतिका लागि गुणस्तरीय प्रविधिमैत्री र अनुसन्धानमुलक शिक्षा प्रदान गरी अनुशासीत, नैतिकवान दक्ष सक्षम, सीपमुलक देशभक्त नागरिक उत्पादन गर्ने र यसलाई उच्चस्तरीय शैक्षिक केन्द्र बनाउनु नै यस क्याम्पसको उद्देश्य रहेको छ।

## परिच्छेद २
## क्याम्पसको सदस्यता र प्राप्त गर्ने तरिका

६. सदस्यताको प्रकार:

१) यस क्याम्पसको बिस्तार तथा व्यवस्थापनमा जनसहभागिता एबं अपनत्व बृद्धि गर्नका लागि सञ्चालक समितिले देहाय बमोजिमका सदस्यता प्रदान गर्न सक्नेछ। संरक्षक, आजीवन सदस्यता शुल्क समय समयमा तोके बमोजिम हुनेछ।

क) संरक्षक सदस्य: क्याम्पसको लागि कम्तिमा रु. ५,००,०००।– (पाँचलाख) सदस्यता शुल्क बुझाउने व्यक्तिलाई संरक्षक सदस्यता प्रदान गर्ने।

ख) आजीवन सदस्य: क्याम्पसको लागि कम्तिमा रु. ३००,०००।– (तीन लाख) सदस्यता शुल्क बुझाउने व्यक्तिलाई आजीवन सदस्यता प्रदान गर्नु।

२) मानार्थ सदस्य: यस क्याम्पसको विकासमा बिशिष्ट योगदान पुऱ्याउने जस्तै: भवन, जग्गा आदि सहयोग गर्ने व्यक्तिहरुलाई सञ्चालक समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

३) संस्थापक सदस्य: क्याम्पस स्थापनाकालमा संचालक समितिमा रहेकाव्यक्तिहरु क्याम्पसको संस्थापक सदस्य हुनेछ। संस्थापक सदस्यहरु क्याम्पस सभाको आजिबन सदस्य रहनेछन्।

४) कुनै पनि किसिमको सदस्यताको हक हस्तान्तरण तथा पुस्तान्तरण हुने छैन।

७. सदस्यको लागि योग्यता:

देहाय वमोजिम योग्यता भएको कुनै पनि व्यक्ति क्याम्पसको सदस्य हुन सक्नेछ।

१) नेपाली नागरिक भएको।

२) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नभएको।

## परिच्छेद ३
## क्याम्पस सभा

८. क्याम्पस सभा:

व्यापक जनसहभागिता जुटाई सामुदायिकीकरणको मर्म अनुसार सञ्चालन गर्न, लोकतान्त्रिक मूल्य मान्यता अनुरुप अगाडी बढ्न क्याम्पसलाई सक्षम बनाइ सुव्यवस्थित तरिकाले सञ्चालन, सर्म्बधन र संरक्षण गरी आवश्यक नियन्त्रण, निर्देशन गर्नका निम्ति क्याम्पसको सर्वोच्च अङ्गको रूपमा क्याम्पससभा रहनेछ। क्याम्पस सभाको निर्वाचन कार्य सम्पन्न गर्न क्याम्पस सभा हुनुभन्दा १ हप्ता अगाडी नै इन्द्रेश्वर क्याम्पस संचालक समितिले एकजना संयोजक रहने ३ सदस्यीय निर्वाचन समिति गठन गर्नुपर्नेछ र यस विधान अनुसार क्याम्पस सभाले क्याम्पस संचालक समितिको निर्वाचन कार्य सम्पन्न गर्नुपर्नेछ।

१) क्याम्पस सभामा देहाय बमोजिमका सदस्यहरु रहनेछन्।

क) क्याम्पसको शुरुवाती स्थापनाकालमा आर्थिक सहयोग गर्ने जीवित व्यक्ति चन्दादाताहरु सबै सदस्य

ख) संरक्षक सदस्यहरु

ग) आजीवन सदस्यहरु

घ) क्याम्पसलाई सहयोग गरेका चन्दादाताहरुको तर्फबाट-२ जना

ङ) शिक्षाप्रेमी, क्याम्पसलाई शैक्षिक प्राज्ञिक बिकासको लागि नेतृत्व गर्न सक्ने तथा समाजसेवीहरुबाट २ महिलासहित-६ जना

च) क्याम्पसमा अध्ययनरत बिद्यार्थीहरुका अभिभावकहरु मध्येबाट- २ जना

छ) जनजाति, दलित सिमान्तकृत समुदायहरुमध्येबाट १ जना महिला सहित - २ जना

ज) श्री इन्द्रेश्वर माध्यमिक बिद्यालयका प्रधानाध्यापक- १ जना

झ) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख- २ जना
ञ) सम्बन्धित क्याम्पस रहेको नगरपालिकाको वडा अध्यक्ष- १ जना
ट) क्याम्पसमा रहेको स्वतन्त्र बिद्यार्थी युनियन अध्यक्ष-१ जना,
ठ) क्याम्पसको पूर्व प्राध्यापक संघको अध्यक्षहरु सदस्य
ड) क्याम्पसको पूर्व क्याम्पस प्रमुखहरु र पूर्व अध्यक्षहरु सम्पूर्ण सदस्य
ढ) विधान तयारी समितिको सदस्यहरु-७ जना
ण) क्याम्पसमा रहेको प्राध्यापक संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि- १ जना
त) पनौती नगरपालिकाको प्रमुख वा निजले तोकेको प्रतिनिधि- १ जना
थ) जिल्ला समन्वय समिति प्रमुख वा निजले तोकेको प्रतिनिधि- १ जना
द) क्याम्पस रहेको निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने प्रदेश सभाको प्रत्यक्षतर्फ निर्वाचित साँसद- १ जना
ध) क्याम्पस रहेको निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने संघीय सभाको प्रत्यक्षतर्फ निर्वाचित संघिय सांसद- १ जना
न) वि.सं. २०६६ को महायज्ञमा सहयोग गर्ने जिवित व्यक्ति १५,०००।- भन्दा माथि दान गर्ने सबै सदस्य

**९. क्याम्पस सभाको काम, कर्तव्य र अधिकार:**

क्याम्पस सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) क्याम्पस सभाका सदस्यहरु मध्येबाट क्याम्पस संचालक समिति चयन गर्ने,
ख) संचालक समितिलाई नीतिगत मार्गनिर्देश गर्ने,
ग) संचालक समितिले सिफारिस सहित पेस गरेको क्याम्पसको विधान, वार्षिक तथा दीर्घकालिन योजना, वजेट, लेखापरिक्षण प्रतिवेदन, वार्षिक प्रगति विवरण र कार्यक्रम आदि स्वीकृत गर्ने,
घ) संचालक समितिलाई क्याम्पसको संचालन तथा विकास सम्बन्धमा आवश्यक सुझाव र निर्देशन दिने,
ङ) संञ्चालक समितिबाट भएको निर्णय प्रचलित नेपाल कानून विपरित भएमा औचित्यतासहित खारेज गर्ने ।
च) क्याम्पसको सम्वृद्धिका लागि अन्य आवश्यक कार्य गर्ने ।

**१०. क्याम्पस सभाको बैठक:**

१) क्याम्पस सभाको बैठक वर्षको कम्तिमा एकपटक संचालक समितिले तोकेको स्थान, मिति र समयमा वस्नेछ ।
२) क्याम्पस प्रमुखले सभाको बैठकको लागि सभाका सदस्यहरुलाई सामान्यतया: ७ दिन अगाडि लिखित सूचना पठाउनेछ ।
३) एक तिहाई सभाका सदस्यहरुले लिखित रुपमा सभाको माग गरि संचालक समितिका अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा एक महिनाभित्र अध्यक्षले क्याम्पस सभा बोलाउनुपर्नेछ ।
४) सभाको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्नेछ । पहिलो पटक विधान समितिका संयोजकले अध्यक्षता गर्नेछ ।
५) क्याम्पस सभाबाट भएका निर्णयहरु अध्यक्ष, सदस्य सचिव सहित कम्तीमा १५ (पन्ध्र) जना सभा सदस्यको संयुक्त हस्ताक्षरबाट प्रमाणित गरिनेछ ।
६) क्याम्पस प्रमुखले सभाको निर्णय पुस्तिका सुरक्षित साथ राख्नुपर्नेछ ।

**११. क्याम्पस सभाको गणपुरक संख्या:**

१) क्याम्पस सभामा बहुमत सभासद् उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । उक्त सभाको बैठक बस्नका लागि प्रथम पटक बहुमत सदस्यहरु उपस्थित नभएमा दोस्रो पटक कम्तिमा एक तिहाई सभासद्हरु उपस्थित भएमा मान्य हुनेछ । तेस्रो पटक उपस्थित संख्याबाट सभा संचालन हुन बाधा पुग्नेछैन ।
२) बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ ।

**१२. पदावधि:**

क्याम्पस सभाका सदस्यहरुको पदावधि सभा गठन भएको मितिले तीन वर्षको हुनेछ ।

## परिच्छेद ४
## संचालक समिति

**१३. संञ्चालक समिति गठन:**

क्याम्पस सभाबाट क्याम्पसको शैक्षिक, प्रशासनिक, आर्थिक तथा अन्य क्रियाकलापलाई व्यवस्थित गर्न, त्यसका लागि आवश्यक सहयोग जुटाउन र नीति निर्देश गर्न देहाय बमोजिमका क्याम्पस सभा सदस्यहरु मध्येबाट १५ (पन्ध्र) सदस्यीय एक संञ्चालक समितिको गठन गरिनेछ:

क) क्याम्पस सभाबाट निर्वाचित अध्यक्ष - १ जना
ख) क्याम्पस सभाबाट निर्वाचित उपाध्यक्ष - १ जना
ग) क्याम्पस सभाबाट निर्वाचित कोषाध्यक्ष - १ जना

घ) क्याम्पस सभाबाट महिला २ सहित निर्वाचित सदस्यहरु - ६ जना

ङ) पदेन सदस्यहरु- ६ जना

(पनौती नगरपालिकाका प्रमुख वा निजले तोकेको व्यक्ति - १जना, त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि- १जना, इन्द्रेश्वर क्याम्पसको निवर्तमान अध्यक्ष - १ जना, श्री इन्द्रेश्वर माध्यमिक विद्यालयका प्रधानाध्यापक- १जना, पब्लिक क्याम्पस प्राध्यापक संघको अध्यक्ष वा निजले तोकेको- १जना, स्व.बि.यु सभापति- १जना

च) क्याम्पस प्रमुख सञ्चालक समितिको सदस्य सचिव रहनेछ ।

**१४. क्याम्पस संञ्चालक समितिको पदावधिः**

क्याम्पस संचालक समितिको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

**१५. क्याम्पस संचालक समितिको अध्यक्षको योग्यताः**

क) नेपाली नागरिक ।

ख) २५ वर्ष उमेर पुरा भएको ।

ग) मानसिक सन्तुलन ठिक भएको, नैतिक पतन र फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कम्तीमा स्नातक तह उत्तीर्ण शैक्षिक योग्यता भएको ।

**१६. क्याम्पस संञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

क्याम्पसको लागि आवस्यक स्रोत साधन जुटाई साथै शैक्षिक, प्रशासनिक तथा अन्य क्रियाकलापहरुको संचालन तथा रेखदेख गर्नु संचालक समितिको मुख्य कर्तव्य हुनेछ । यस कार्य सम्पादनका सिलसिलामा संचालक समितिले देहायका कार्यहरु गर्न सक्नेछः

क) क्याम्पसलाई आवस्यक पर्ने अचल सम्पत्ति जस्तै जग्गा, भवन, सवारी साधन आदि खरिद तथा बिक्रि गर्न सक्ने । अन्य सम्पत्ति र सुविधा जुटाउन आवस्यक योजना तथा प्रवन्ध गर्ने गराउने,

ख) क्याम्पसका सम्पत्तिको रेखदेख एवं सुरक्षाका लागि आवस्यक प्रबन्ध मिलाउने,

ग) क्याम्पसको शैक्षिक, प्रशासनिक प्रबन्धका लागि नियमानुसार प्राध्यापक तथा कर्मचारीको दरबन्दि सिर्जना र संख्या निर्धारण गर्ने,

घ) क्याम्पसको शैक्षिक स्तर उच्च राख्न अध्ययन अध्यापन कार्यको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन गर्ने र आवश्यक निर्देशन दिने,

ङ) सम्बन्धन दिने निकायहरुको निर्देशन पालना गर्ने गराउने,

च) क्याम्पस सभाको निर्णय कार्यान्वयन गर्ने गराउने,

छ) संचालक समितिले निर्णय/स्वीकृत गरेका वार्षिक तथा दीर्घकालिन योजना, कार्यक्रम, आयव्ययको विवरण, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु अनुमोदनका लागि क्याम्पस सभामा प्रस्तुत गर्ने ।

ज) आन्तरिक लेखापरीक्षण समिति गठन गरी आन्तरिक लेखापरीक्षण गराई दुरुस्त अभिलेख राख्न क्याम्पस प्रमुख र लेखा शाखालाई आवस्यक निर्देशन दिने ।

झ) क्याम्पसमा समयानुकुल शैक्षिक तह, संकाय र विषयहरु बिस्तार गर्ने सम्बन्धमा आवस्यक कार्य गर्ने । क्याम्पसको गुणस्तर वृद्धि गर्न क्याम्पस कार्यविधि बनाई विभिन्न समिति मार्फत कार्य गराउने ।

ञ) नियम बनाई शिक्षक कर्मचारीको सेवा शर्त सुविधा निर्धारण गर्ने

ट) क्याम्पसको प्राध्यापक, कर्मचारी तथा बिद्यार्थीका लागि आचार संहिता निर्माण गर्ने तथा समुचित रुपमा प्रोत्साहित र पुरस्कृत गर्ने व्यवस्था गर्ने

ठ) बिद्यार्थीको शैक्षिक तथा प्राज्ञिक अभिवृद्धिका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

ड) क्याम्पसको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

ढ) क्याम्पसले लिने विभिन्न प्रकारका शैक्षिक शुल्क र जरिवाना निर्धारण गर्ने

ण) क्याम्पसको आर्थिक व्यवस्थापनका लागि आवस्यक नीति, प्रक्रिया तथा लेखा राख्ने ढाँचा निर्धारण गर्ने

त) क्याम्पसको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्न क्याम्पस सभामा पेश गर्ने

थ) कार्यसम्पादन मुल्यांकनका आधार तय गर्ने र त्यसको आधारमा उत्कृष्ट ठहरिएका प्राध्यापक तथा कर्मचारीलाई पुरस्कृत सम्मानित गर्ने ।

द) क्याम्पसको बृहत्तर हित र उन्नतिका लागि वित्तीय स्रोत जुटाउन आवश्यक ऋण तथा सापटी प्राप्त गर्ने,

ध) क्याम्पसको उन्नतिका लागि अन्य आवश्यक कार्य गर्ने ।

CS CamScanner

१७. संञ्चालक समितिको बैठक र कार्यविधि:

१) संञ्चालक समितिको बैठक कम्तिमा २ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

२) सदस्य सचिवले अध्यक्षको अनुमति लिई कम्तिमा ३ दिनको पूर्वसूचना दिई संचालक समितिको बैठक बोलाउनेछ तर विशेष परिस्थितीमा सदस्य सचिवले तत्काल सूचना दिएर बैठक बोलाउन सक्नेछ ।

३) बैठकको अध्यक्षता संञ्चालक समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४) संचालक समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रुपमा निर्णयपुस्तिकामा लेखी उपस्थित सदस्यहरुले हस्ताक्षर गरी प्रमाणित गरी राख्नुपर्नेछ ।

५) कूल सदस्यको बहुमत सदस्यहरु उपस्थित भएमा संचालक समितिको बैठककोगणपुरक संख्या पुगेको मानिनेछ र बैठकको निर्णय साधारण बहुमतद्धारा गरिनेछ ।

६) पहिलो पटक बोलाएको सञ्चालक समितिको बैठक गणपुरक संख्या नपुगी स्थगित भई दोस्रो पटक बैठक बोलाएकोमा एकतिहाई सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

७) नियमित बैठक नबोलाएकोमा वा हुन नसकेमा सञ्चालक समितिको सम्पूर्ण सदस्य संख्याको बहुमत सदस्यले लिखित रुपमा बैठक माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउनुपर्नेछ र सो समयभित्र पनि बैठक नबोलाएमा सदस्यसचिवले बैठक बोलाउनेछ ।

८) मौजुदा संचालक समितिले तोकिए बमोजिमको पदावधि समाप्त भई नयाँ संचालक समिति गठन नभएमा क्याम्पस प्रमुखले सहमतिमा १ महिनाभित्र क्याम्पस सभा आह्वान गर्न सक्नेछ । सो सभाले नै नयाँ संचालक समिति गठन गर्नेछ ।

१८. अध्यक्षको काम, कर्तव्य र अधिकार:

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

१) संचालक समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

२) संचालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

३) क्याम्पस संचालक समिति र सभाद्धारा गरिएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

४) क्याम्पस प्रमुखको लागातार ७ दिनभन्दा बढीको काज एवं विदा स्वीकृत गर्ने ।

५) यस विधान भित्र रही क्याम्पसको हितका लागि अन्य कार्य गर्ने ।

६) क्याम्पस व्यवस्थापन र संचालनका लागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।

१९.उपाध्यक्षको काम,कर्तव्य र अधिकार: उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

१) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

२) अध्यक्षको काममा सहयोग पुरचाउने ।

३) अध्यक्ष र संचालक समितिबाट उपाध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

२०.कोषाध्यक्षको काम,कर्तव्य र अधिकार:

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ, १) कोषको संरक्षण र परिचालन गर्ने गराउने ।

२) आर्थिक हिसावकिताव चुस्त, दुरुस्त राख्न लगाउने ।

३) क्याम्पसको बार्षिक बजेट तर्जुमा गरी संचालक समिति समक्ष पेश गर्ने ।

४) क्याम्पसको आर्थिक स्रोत जुटाउने र सो को सुव्यवस्थापनका लागि आवस्यक रेखदेख गर्ने ।

५) क्याम्पसको बार्षिक वित्तिय प्रतिवेदन तयार गर्न लगाउने ।

६) लेखापरीक्षकको प्रतिवेदन उपर आवस्यक कारवाही गरी संचालक समितिमा पेश गरी स्वीकृत पश्चात पारीत गर्नको लागि क्याम्पस सभामा पेश गर्ने ।

२१. सदस्य सचिवको काम, कतर्व्य र अधिकार:

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) अध्यक्ष र संचालक समितिको निर्देशन र निर्णयसूची तयार गर्ने ।

२) वार्षिक कार्यक्रम र अर्धवार्षिक प्रगति प्रतिवेदन तयार पारी संचालक समितिमा पेश गर्ने ।

३) बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरुको कार्यान्वयन गर्ने ।

२२. सदस्यहरुको काम, कर्तव्य र अधिकार:

सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) क्याम्पसको हितको निमित्त रचनात्मक सुझावहरु दिने ।

२) क्याम्पस सभा र संचालक समितिमा भएका निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने ।

३) अध्यक्ष र संचालक समितिले तोकेका अन्य कार्य गर्ने ।

४) संचालक समितिको बैठकमा सक्रिय रचनात्मक सहभागी हुने ।

CamScanner

२३. पदरिक्त हुने:
क्याम्पस संचालक समितिका पदाधिकारी एवं सदस्यहरुको पद देहायको अवस्थामा रिक्त हुनेछ।
१) आफ्नो पदबाट राजीनामा दिएमा ।
२) क्याम्पसको हित विपरित कार्य गरेको प्रमाणित भएमा ।
३) संचालक समितिको बैठकमा लगातार ३ पटकसम्म बिना सुचना अनुपस्थित रहेमा ।
४) नैतिक पतन हुने फौजदारी कसुरमा सजाय पाएमा ।
५) पदावधि पूरा भएमा ।
६) मृत्यु भएमा ।
७) मानसिक सन्तुलन गुमाएमा ।
८) क्याम्पससँग आर्थिक लेनदेन वा ठेक्कापट्टा लगायतको स्वार्थ देखिएमा ।
९) अन्य स्थानीय क्याम्पसको संचालक समिति वा सल्लाहकार समितिमा रहेमा ।
१०) अन्य स्थानीय निजी क्याम्पसको साझेदार भएमा ।
११) क्याम्पस सभाबाट निर्वाचित सदस्यका बिरुद्ध अविश्वासको प्रस्ताव दर्ता भई पारित भएमा ।

२४. सल्लाहकारको नियुक्ति:
संचालक समितिले आफ्नो कार्य सम्पादनमा आवस्यक सल्लाह सहयोग लिन आवस्यकताअनुसार बिज्ञहरुलाई सल्लाहकार नियुक्ति गर्न सक्नेछ ।

## परिच्छेद ५
## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, संकाय प्रमुख, कार्यक्रम संयोजक, विषय समितिप्रमुख

२५. क्याम्पस प्रमुख:
१) क्याम्पसको शैक्षिक, आर्थिक, तथा प्रशासकिय कार्य संचालनका लागि क्याम्पस प्रमुख रहनेछ ।
२) क्याम्पसको उद्देश्य हाँसिल गर्न प्रतिबद्ध क्याम्पसकै प्राध्यापन सेवामा रहेका बरिष्ठतम प्राध्यापकहरुमध्ये क्याम्पस संञ्चालक समितिले क्याम्पस प्रमुखको नियुक्ती गर्नेछ ।
३) क्याम्पस प्रमुखको पदावधि ४वर्षको हुनेछ। संचालक समितिले निजको पदावधि थप गर्न सक्नेछ ।
४) क्याम्पस प्रमुख संचालक समितिप्रति उत्तरदायी हुनेछ ।
५) क्याम्पस प्रमुख पूरा समय काम गर्ने पदाधिकारीको रुपमा कार्य गर्ने हुनेछ ।
६) क्याम्पस प्रमुख पदमा नियुक्ती भई काम गरेबापत संचालक समितिबाट तोकिए बमोजिम भत्ता र सुविधा पाउनेछ ।

२६. क्याम्पस प्रमुखको काम कर्तव्य र अधिकार:
क्याम्पस प्रमुखको काम कतर्व्य र अधिकार देहाय बमोजिम हुनेछ ।
१) क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनको जिम्मेवारी लिई संचालन गर्ने र सो को समन्वय गर्ने ।
२) सेवा, शर्त र आचारसंहिता विपरित हुने गरी काम गर्ने कर्मचारीलाई कारवाही गर्नु ।
३) क्याम्पसमा उत्कृष्ट काम गर्ने प्राध्यापक तथा कर्मचारीलाई ग्रेड बृद्धि वा पुरस्कारका लागि सिफारिस गर्नु ।
४) प्राध्यापक तथा कर्मचारीको बीदा स्वीकृत गर्नु, काम बाँडफाड र सेवाको रेकर्ड राख्नु तथा कार्य सम्पादनको मूल्यांकन गर्नु, गराउनु ।
५) क्याम्पसभित्र प्रवचन, प्रदर्शन तथा साँस्कृतिक कार्यक्रम आदि गर्न अनुमति दिनु वा आवश्यकता अनुसार समारोहहरु आयोजना गर्नु, गराउनु ।
६) तोकिए बमोजिम छात्रबृत्ति वितरण गर्नु र विद्यार्थीको अवस्था हेरी जरिवाना माफी गर्नु ।
७) प्राध्यापक तथा कर्मचारीको दरबन्दी सिफारिस गर्नु ।
८) क्याम्पसको वार्षिक आय व्यय विवरण तयार गरी संचालक समितिमा पेश गर्नु ।
९) क्याम्पसको स्वीकृत बजेतका विभिन्न शीर्षक, उपशीर्षक र सहायक शीर्षकले तोकेको दायराभित्र रही बजेट कार्यान्वयन गर्नु ।
१०) क्याम्पसको सम्पत्तिको लेखा राख्नु सम्भार तथा सुरक्षा गर्नु, आर्थिक प्रशासन नियम बमोजिम मिनाहा दिने र काम नलाग्ने मालसामान लिलाम गर्नु, गराउनु ।
११) संकाय वा विभागसमितिहरुको रायसुझाव सहित शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा समन्वय गर्नु, गराउनु ।
१२) शैक्षिक कार्यक्रम निर्धारण गर्नु, विद्यार्थी भर्नाको नीति बनाउनु र शैक्षिक तालिका व्यवस्थित गरी संचालन गर्नु, गराउनु एवं कक्षा/शैक्षिक तालिकामा पुराना प्राध्यापकहरुलाई प्राथमिकता दिनु ।
१३) क्याम्पस संचालन हुने समय तथा कार्यघण्टा तोक्नु ।
१४) संचालक समितिद्धारा निर्धारित शुल्कमा नघटाई क्याम्पस विकासका लागि अन्य शुल्कहरु लगाउनु ।

१५) आवश्यकता अनुसार प्राध्यापक, कर्मचारी र विद्यार्थी समेतलाई सहभागी गराई क्याम्पसको संचालन तथा विकासका लागि समिति, उपसमिति गठन गर्नु ।

१६) विश्वविद्यालय वा अन्य सम्बधित निकायको आवश्यक सहयोग लिई क्याम्पसको शान्ति सुरक्षाको व्यवस्था मिलाउनु ।

१७) स्वीकृत ढाँचामा लेखा राख्न लगाउनु र आर्थिक प्रशासन संचालन गर्नु, गराउनु ।

१८) संचालक समितिको निर्णय वा अन्य तोकिए बमोजिम काम कारबाही गर्नु ।

१९) विद्यार्थी आचार सहिता विपरित कार्य गर्ने विद्यार्थीलाई कारबाही, निष्काशन वा अन्य सजाय गर्नु ।

२०) क्याम्पस प्रमुख उपस्थित हुन नसक्ने अवस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभए अन्य प्राध्यापकलाई निमित्त भई काम गर्न तोक्नु ।

२१) जरुरी शैक्षिक कार्यका लागि करार अस्थायी आंशिक रुपमा कार्य गर्ने गरि प्राध्यापक नियुक्ति गर्नु र सोको जानकारी संचालक समितिलाई दिनु ।

२२) शिक्षण सहायक र कर्मचारीको तोकिए प्रक्रिया पूरा गरी राजिनामा स्वीकृत गर्नु ।

२३) काबु बाहिरको स्थिति सृजना भई क्याम्पस नियमित संचालन गर्न नसक्ने अवस्था परेमा १५ दिनसम्म क्याम्पस बन्द गर्नु, गराउनु र सो भन्दा बढी क्याम्पस संचालन गर्न नसक्ने अवस्था परेमा संचालक समितिको पूर्व स्वीकृति लिई अनिश्चितकालका लागि क्याम्पस बन्द गर्नु, गराउनु ।

२४) क्याम्पस सभाबाट निर्वाचित हुनेसंचालक समितिका सदस्यको निर्वाचन गर्नु ।

२५) तोकिए बमोजिम अन्य कामहरु गर्नु, गराउनु ।

**२७. अधिकार प्रत्यायोजन गर्न सक्ने:**

क्याम्पस प्रमुखले आर्थिक प्रशासन सम्बन्धी अधिकार बाहेक यस विधान बमोजिम आफूमा निहित अधिकार सहायक क्याम्पस प्रमुख वा प्राध्यापक वा कर्मचारी वा कुनै उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२८. सहायक क्याम्पस प्रमुखः**

१)क्याम्पसको उद्देश्यमा प्रतिबद्ध क्याम्पसकै प्राध्यापन सेवामा रहेका बरिष्ठतम स्नात्तकोत्तर उत्तिर्ण प्राध्यापकलाई संचालक समितिले क्याम्पस प्रमुखको सिफारिसमा सहायक क्याम्पस प्रमुख नियुक्ती गर्नेछ ।

२) सहायक क्याम्पस प्रमुखको पदावधि २ (दुई) वर्षको हुनेछ । संचालक समितिले निजको पदावधि थप गर्न सक्नेछ ।

३)सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुख प्रति उत्तरदायी हुनेछ । सहायक क्याम्पस प्रमुख आवस्यकता अनुसार बढिमा दुई जना सम्म रहन सक्नेछ ।

४)सहायक क्याम्पस प्रमुख पूरा समय काम गर्ने पदाधिकारीको रुपमा रहनेछ ।

**२९. सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार:**

सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) क्याम्पस प्रमुखको कार्य सम्पादनमा सहयोग गर्ने ।

२) क्याम्पस प्रमुखले तोकेको कार्य गर्ने ।

३) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा क्याम्पस प्रमुखले तोके बमोजिम निमित्त भइ काम गर्ने ।

**३०. संकाय प्रमुखः**

क्याम्पसमा संचालित संकायको लागि संकाय प्रमुखको नियुक्तिशैक्षिक प्रशासन सम्बन्धि नियम बमोजिम गरिनेछ ।

**३१. कार्यक्रम संयोजकः**

क्याम्पसमा संचालित विभिन्न संकाय तहगत वा समयगत कार्यक्रमको लागि कार्यक्रम संयोजकको नियुक्ति शैक्षिक प्रशासन सम्बन्धी नियम बमोजिम गरिनेछ ।

**३२.विषय समिति प्रमुखः**

विषय समितिको गठन र विषय समिति प्रमुखको नियुक्ति शैक्षिक प्रशासन सम्बन्धी नियम बमोजिम गरिनेछ ।

**३३.पदरिक्त हुने:**

१) आफ्नो पदवाट राजिनामा दिएमा ।

२) क्याम्पसको हितविपरिति कार्य गरेको प्रमाणित भएमा ।

३) नैतिक पतन हुने फौजदारी कसुरमा सजाय पाएमा ।

४) पदावधि पूरा भएमा ।

५) मृत्यु भएमा ।

६) मानसिक सन्तुलन गुमाएमा ।

७) कुनै गम्भिर कारणसहित क्याम्पस संञ्चालक समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट हटाइएमा ।

CamScanner

## परिच्छेद ६
## प्राध्यापक तथा कर्मचारी व्यवस्था

**३४. दरवन्दी:**

१) क्याम्पस संचालक समितिले क्याम्पसलाई आवश्यक पर्ने प्राध्यापक तथा कर्मचारीको दरबन्दी तोक्नेछ ।

२) संचालक समितिले प्राध्यापक तथा कर्मचारीको दरबन्दी तोक्ने बेलामा प्राध्यापक तथा कर्मचारीको लागि आवस्यक तलव, भत्ता, संचयकोष कट्टी रकम तथा उपदान आदि समेतको लागि लाग्ने खर्चको व्यवस्था समेत गर्नुपर्नेछ ।

**३५. प्राध्यापक तथा कर्मचारीको सेवा शर्त:**

१) क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीको नियुक्ति, बढुवा, सेवा, शर्त र सुविधा सम्बन्धी नियममा तोके बमोजिम हुनेछ । निरन्तर पन्ध्र वर्ष कार्यरत प्राध्यापकहरुले कुनै कारणले बिदा मागेमा बढिमा ३ वर्ष सम्म दिइनेछ र बिदा अवधि सकेपछि स्वत: प्राध्यापक नै भई पूर्वबत कार्य गर्नेछ ।

२) निरन्तर पन्ध्र बर्षदेखि कार्यरत प्राध्यापक वा कर्मचारीहरु स्वत: स्थायी भएको मानिनेछ ।

३) क्याम्पसको आर्थिक स्रोत मजबुत भएमा प्रचलित नियमहरुमा भन्दा कम नहुने गरि प्राध्यापक वा कर्मचारीहरुलाई सेवा सुविधा उपलब्ध गराईनेछ ।

**३६. प्राध्यापक तथा कर्मचारी नियुक्ति गर्ने:**

क्याम्पसले नियममा तोके बमोजिम स्थायी, आंशिक र करार सेवामा प्राध्यापक तथा कर्मचारी नियुक्ति गर्न सक्नेछ । जसलाई व्यवस्थित गर्न प्राध्यापक/कर्मचारी कार्यविधि अनुसार हुनेछ । क्याम्पस प्रमुखलाई बढिमा ६ महिना सम्मको लागि विषय आवस्यकता अनुसार प्राध्यापक नियुक्ति गर्ने अधिकार रहनेछ । तर अन्य कुनै पनि शैक्षिक संस्था, विश्वविद्यालय, क्याम्पस तथा नेपाल सरकारको कार्यालयमा कार्यरत रहेमा प्राध्यापनका लागि मात्र करार वा आँशिक रुपमा मात्र नियुक्त हुनेछ ।

## परिच्छेद ७
## क्याम्पस सेवा आयोग

क्याम्पसमा रिक्त रहेको कुनै पदपूर्ति गर्न संचालक समितिले नियम बनाई क्याम्पस प्रमुखको अध्यक्षतामा ३ सदस्यीय क्याम्पस सेवा आयोग गठन गर्नेछ।

**३७. क्याम्पस सेवा आयोगको काम, कर्तव्य र अधिकार:**

क्याम्पस सेवाको पदपूर्तिका लागि क्याम्पस सेवा आयोगलाई देहाय बमोजम अधिकार हुनेछ:

१) क्याम्पस सेवामा प्राध्यापक र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि निर्णय गरि संचालक समितिमा सिफारिस गर्ने ।

२) क्याम्पसका प्राध्यापक तथा कर्मचारीको सेवा, शर्त सम्बन्धी नियम र विनियमको विषयमा संचालक समितिलाई सल्लाह र सुझाव दिने ।

३) क्याम्पस सेवाको परिक्षामा सम्मिलित हुन चाहने उम्मेदारको शैक्षिक योग्यता तथा बढुवाको आवश्यक शर्तहरु निर्धारण गर्ने ।

४) क्याम्पस सेवामा प्राध्यापक र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा संचालन गर्ने ।

५) क्याम्पस सेवा आयोगको कार्यक्षेत्र भित्रपर्ने विषयमा निरीक्षण वा जाँचबुझ गर्ने ।

६) प्राध्यापक तथा कर्मचारीहरुको वृत्ति विकास वा क्षमता, दक्षता बृद्धि गराउने विषयमा संचालक समितिलाई सुझावहरु दिने ।

७) मूल्यांकन प्रक्रियामा समितिका सदस्यहरु बाहेक समितिले आवश्यक ठानेमा सम्वन्धीत विषयको बिज्ञलाई सहभागी गराउन सकिनेछ ।

**३८. क्याम्पस सेवा आयोगको बैठक:**

१) आयोगले गर्नुपर्ने कामहरु सेवा आयोगको बैठकबाट निर्णय भए बमोजिम कार्यान्वयन गरिनेछ ।

२) सेवा आयोगमा अध्यक्ष नभई बैठक बस्न सक्नेछैन ।

३) बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षतागर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

४) आयोगको निर्णय आयोगले तोकेको सदस्यले प्रमाणित गर्ने छ ।

५) आयोगको बैठक संचालन र कार्यविभाजनआदि समेत सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ ।

CamScanner

## परिच्छेद ८
## आर्थिक व्यवस्था

**३९. क्याम्पस कोषः**

क्याम्पसको कोषमा देहाय बमोजिमको स्रोतबाट प्राप्त हुने रकम जम्मा गरिनेछ :

१) विद्यार्थी शुल्क आम्दानी,
२) क्याम्पसका नाममा प्राप्त हुने चन्दा, दान र आर्थिक सहयोग,
३) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदान,
४) विश्वविद्यालयबाट प्राप्त हुने रकम,
५) विदेशी व्यक्ति वा दातृ संस्थाबाटनियम बमोजिम प्राप्त हुने अनुदान,
६) क्याम्पसको आन्तरिक स्रोत परिचालन गरी प्राप्त हुने रकम,
७) कुनै पनि संघसंस्था वा व्यक्तिबाट ऋण वा सापटी स्वरुप लिइएको वा फिर्ता दिइएको रकम,
८) क्याम्पसको नियम बमोजिम अन्य जुनसुकै वैधानिक स्रोतबाट प्राप्त हुन आउने आम्दानी,
९) संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार तथा वडा कार्यालयहरुबाट प्राप्त रकम
१०) गरिब, जेहेन्दार छात्र छात्राको सहयोग वा अन्य विशिष्ठ प्राज्ञिक उद्देश्यले व्यक्ति वा संस्थाले स्थापना गरेको अक्षयकोषको व्याज बापतको रकम
११) विबिध अन्य रकम

**४०. कोषको संचालनः**

१) संचालक समितिले उपयुक्त ठानेको बैकमा इन्द्रेश्वर क्याम्पसको नाममा खाता खोली कोषको रकम राखिनेछ। क्याम्पसका सबै प्रकारका खर्चहरु सोही खाताबाट गरिनेछ।
२) क्याम्पस कोष खाताको संचालन संचालक समितिका अध्यक्ष र क्याम्पस प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ।
३) क्याम्पसले प्राध्यापक तथा कर्मचारीलाई तोके बमोजिम दिइने सञ्चय कोष आदिको रकम तथा उपदानका लागि छुट्टै खाता कुनै वाणिज्य बैंकमा खोल्न सकिनेछ।
४) अक्षयकोषको संचालन कोष संस्थापक र क्याम्पसबीच भएको द्विपक्षीय सम्झौता बमोजिम हुनेछ।

**४१. आर्थिक प्रशासन सम्बन्धी नियम बमोजिम हुनेः**

क्याम्पसको वजेट तर्जुमा, लेखा प्रणाली, वस्तु र सेवा खरिद तथा निर्माण र आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था क्याम्पसको आर्थिक प्रशासन सम्बन्धी नियम बमोजिम हुनेछ।

## परिच्छेद ९
## आचारसंहिता

**४२. सञ्चालक समितिको आचारसंहिताः**

१) क्याम्पसको विकास र हितलाई सर्वोपरि प्राथमिकता दिनुपर्नेछ।
२) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्ने हुनेछैन।
३) क्याम्पसकोहित विपरिति कार्य गर्न र गोपनियता भङ्ग गर्न गराउन हुनेछैन।
४) क्याम्पसको विधान, नियम तथा विनियमको पालना गर्नुपर्नेछ।

**४३. प्राध्यापक र कर्मचारीको आचारसंहिताः**

१) क्याम्पसको विकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्वोपरि प्राथमिकता दिनुपर्नेछ।
२) क्याम्पसमा आइपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीले सहयोग गर्नुपर्नेछ।
३) क्याम्पसमा भएका निर्णय, काम कारवाही,पत्र आदिका बारेमा गोपनियता राख्नुपर्नेछ।
४) क्याम्पस भित्र मादक तथा सुर्तिजन्य पदार्थ सेवन आदि नगरी आफ्नो आचरण तथा नैतिकता शुद्ध राखी पवित्र भावनाले अभिप्रेरित भई काम गर्नुपर्नेछ।
५) आफूलाई तोकिएको कार्यभारको उत्तरदायित्व बहन गर्नु सम्पूर्ण प्राध्यापक तथा कर्मचारीको कर्तव्य हुनेछ।

**४४. विद्यार्थी आचारसँहिताः**

क्याम्पसका विद्यार्थीको आचारसंहिता शैक्षिक प्रशासन सम्बन्धी नियममा तोके बमोजिम हुने छ।

## परिच्छेद १०
## प्राध्यापक संघ र स्वतन्त्र विद्यार्थी युनियन

**४५. प्राध्यापक संघः**

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको पेशागत हक र हितको निमित्त प्राध्यापक संघ गठन गर्न सकिनेछ।

CamScanner

४६. स्वतन्त्र विद्यार्थी युनियनः

१) क्याम्पसमा नियमित रुपमा अध्ययनरत विद्यार्थीको एक स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न सकिनेछ ।

२) स्वतन्त्र विद्यार्थी युनियनको गठनसम्बन्धी व्यवस्थात्रिभुवन विश्वविद्यालयको विनियमको आधारमा क्याम्पसले गर्नेछ ।

## परिच्छेद ११
## विविध

४७. नियम, विनियम तथा निर्देशिका बनाउनेः

यस विधानसँग नबाझिने गरि सञ्चालक समितिले क्याम्पसको शैक्षिक प्रशासन, प्रशासनिक तथा आर्थिक प्रशासन सम्बन्धि बिषयका साथैआवश्यता अनुसार विभिन्न विषय सवालहरुमा नियम, विनियम तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४८. विधान संशोधनः

यस विधानको संशोधन गर्न आवस्यक भएमा कारण सहित संचालक समितिका सम्पूर्ण सदस्यहरुको दुई तिहाई सदस्यको बहुमतबाट संशोधन गर्ने निर्णय पारित गरि शंसोधन गर्न सकिनेछ । तर सोको अनुमोदन क्याम्पस सभाबाट र स्वीकृति त्रिभुवन विश्वविद्यालयबाट भएपछि लागु हुनेछ ।

४९. राजिनामा दिने :

१) सञ्चालक समितिका अध्यक्षले सञ्चालक समिति समक्ष राजिनामा दिन सक्नेछ ।

२) सञ्चालक समितिका उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य र क्याम्पस प्रमुखले सञ्चालक समितिका अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछ ।

३) सहायक क्याम्पस प्रमुख, प्राध्यापक र कर्मचारीले क्याम्पस प्रमुख समक्ष राजिनामा दिन सक्नेछ ।

५०. बाधा अड्काउ फुकाउने अधिकारः

यस विधान कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ । तर क्याम्पस सभाले गरेको व्याख्या र बाधा अड्काउ फुकाउ अन्तिम हुनेछ ।

५१. अविश्वास प्रस्तावः

१) क्याम्पस सभाका एक तिहाई सदस्यले संचालक समितिका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्यका विरुद्धमा अविश्वास प्रस्ताव राख्न सक्नेछन ।

२) क्याम्पस सभाका दुई तिहाइ सदस्यले उपदफा (१) बमोजिमको अविश्वास प्रस्ताव अनुमोदन भएमा निज पद मुक्त हुनेछ ।

५२. सम्पत्तिको स्वामित्व सर्नेः

क्याम्पस संचालन हुन नसकी बन्द भएमा क्याम्पसको चल र अचल सम्पत्ति त्रिभुवन विश्वविद्यालय वा नेपाल सरकारका नाममा सम्पत्तिको स्वामित्व सर्नेछ ।

५३. खारेजी र वचाउः

१) यस विधानले यस भन्दा अघि बनेका सबै विधान लगायत नियमावलीहरुलाई खारेज गरिएको छ ।

२) यस विधान प्रारम्भ हुनुभन्दा अगाडि भए गरेका सबै कामहरु यसै विधान बमोजिम भएको मानिनेछ । यसका सांथै त्रिभुवन विश्वविद्यालयद्वारा गठित विधान समितिका निर्णयहरु पनि यसै विधानको अभिन्न अङ्ग तथा विधान अन्तर्गतको रुपमा रहने छन् ।

३) यस विधान र विधान अर्न्तगत बनेका नियम नखुलेका कुराहरु सम्बन्धित प्रचलित ऐन, नियम बमोजिम हुनेछ । यस विधानमा उल्लेख भएका व्यवस्थाहरु सम्बन्धन दिने विश्वविद्यालयको ऐन, नियम र नेपालको संविधान र प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

CamScanner

**अनुसूची १**

क्याम्पसको प्रतिक चिन्ह (Campus Logo)

*षट्कोणभित्र इन्द्रेश्वर IC रहनेछ र उक्त षट्कोणको घेराहरुमा क्याम्पसको नाम, ठेगाना तथा स्थापना मिति नेपाली र अंग्रेजी समावेश गरिनेछ भने षट्कोणको तल INDRESHWOR CAMPUS, 2000 AD र माथि इन्द्रेश्वर क्याम्पस २०५८ वि.सं. राखिनेछ ।*

**इन्द्रेश्वर क्याम्पस, पनौती विधान मस्यौदा समिति, २०७७**

१) प्रा.डा. ओम प्रसाद बराल

२) श्री तुइ काजी ताम्राकार

३) श्री विश्वनाथ ताम्राकार

४) श्री श्रीकुमार सुवाल

५) श्री गुणास श्रेष्ठ

६) श्री जयराम कर्मचार्य

७) श्री प्रताप ताम्राकार

CamScanner